NIC ASIA
एन आई सी एशिया बैंक लि.
बैंक पनि, साथी पनि
राम्रो पनि, हाम्रो पनि

ISO 9001 Certified Bank

CareEdge RATINGS NEPAL CARE-NP A-(Is)

# प्रेस विज्ञप्ति

## भाद्र ३१, २०७९

## एन आई सी एशिया बैंकको 'दशैं-तिहार महोत्सव': भाटभटेनी, सेल्सबेरी, बिगमार्ट, साथीमार्ट लगायतमा विभिन्न सामग्री खरिद गरी डिजिटल भुक्तानी गर्दा २०% सम्म क्यासब्याक तथा छुट

समयअनुरुप ग्राहकमैत्री योजना ल्याउदै गतिशील बैंकिङ्गको अभ्यास गर्दै आईरहेको यस एन आई सी एशिया बैंकले डिजिटल कारोबारलाई प्रोत्साहन गर्नका निमित्त नेपालीहरूको महान चाड दशैं, तिहार, छठ लगायतका पर्वको पावन अवसरमा आफ्ना ग्राहक महानुभावहरू समक्ष 'दशैं-तिहार महोत्सव' योजना सार्वजनिक गरेको छ । यस योजनामार्फत भाटभटेनी सुपरमार्केट, सेल्सबेरी, बिगमार्ट, साथीमार्ट (५ वटा शाखामा) लगायत दर्जनौ मर्चेन्टहरूमा विभिन्न सामग्री खरिद गरी डिजिटल भुक्तानी गर्दा २० प्रतिशतसम्म क्यासब्याक तथा छुट प्राप्त हुनेछ । जसअनुसार २०७९ आश्विन १ देखि २०७९ कार्तिक १५ सम्म भाटभटेनी सुपरमार्केटबाट तयारी पोसाक तथा जुत्ताचप्पल खरिद गरी यस बैंकको डेबिट वा क्रेडिट कार्डमार्फत POS भुक्तानी गर्दा बैंकको तर्फबाट १० प्रतिशत वा रू. ५०० सम्म छुट प्राप्त गर्नुहुनेछ । त्यसैगरी सोही अवधिभर सेल्सबेरी, बिगमार्ट एवं साथीमार्टबाट विभिन्न सामग्रीहरू खरिद गरी यस बैंकको डेबिट वा क्रेडिट कार्डमार्फत POS तथा मोबाइल बैंकिङ्ग (NIC ASIA MoBank) मार्फत QR भुक्तानी गर्दा १० प्रतिशत वा रू. ३०० सम्म छुट तथा क्यासब्याज उपलब्ध हुनेछ । साथै, यस बैंकमा खाता नभएका महानुभावहरूले नेपालभर रहेका भाटभटेनी सुपरमार्केटहरू तथा सेल्सबेरी, बिगमार्ट र साथीमार्टका सीमित स्टोरहरूमा रहने यस बैंकको स्टलमार्फत खाता खोली तत्काल यस बैंकको डेबिट कार्ड तथा मोबाइल बैंकिङ्ग सेवा सुचारु गरी छुट तथा क्यासब्याकको फाइदा उठाउन सक्नुहुनेछ ।

त्यसैगरी विभिन्न अनलाईनमार्फत किनमेल गरी ई-कमर्श भुक्तानी गर्दा तथा अन्य विभिन्न शपिङ्ग स्टोरहरूमा किनमेल गरी कार्ड एवं QR भुक्तानी गर्दा समेत आकर्षक छुट तथा क्यासब्याकको व्यवस्था रहेको छ । किनमेल गर्न अझ सहज पार्ने उद्देश्यअनुरुप बैंकले डिजिटल कारोबारमा आफ्ना ग्राहक महानुभावहरूलाई प्रोत्साहन गर्नका निमित्त विभिन्न सामग्री खरिद गरी बैंकको कार्डमार्फत ई-कमर्श तथा POS भुक्तानी एवं NIC ASIA MoBank प्रयोगकर्ताहरूले QR भुक्तानी गर्दा आकर्षक छुट तथा क्यासब्याकको व्यवस्था गरेको हो । चाडपर्वहरूलाई लक्षित गर्दै बैंकले आफ्ना ग्राहक महानुभावहरूलाई डिजिटल कारोबारतर्फ प्रोत्साहन गर्न निम्नलिखित मर्चेन्टहरूमा आकर्षक छुट तथा क्यासब्याकको व्यवस्था गरेको छः

| मर्चेन्ट | अवधी | छुट तथा क्यासब्याक योजना |
|---|---|---|
| • Bhat Bhateni Super Market | आश्विन १ देखि कार्तिक १५ सम्म | डेबिट तथा क्रेडिट कार्डमार्फत POS भुक्तानी गर्दा बैंकको तर्फबाट १० प्रतिशत वा रू. ५०० सम्म छुट |
| • Salesberry<br>• Bigmart<br>• Saathimart | आश्विन १ देखि कार्तिक १५ सम्म | डेबिट/क्रेडिट कार्ड तथा QR भुक्तानी गर्दा १० प्रतिशत वा रू. ३०० सम्म छुट तथा क्यासब्याक |
| • Yeti Airlines<br>• Buddha Air<br>• Shree Airlines | आश्विन १ देखि कार्तिक १५ सम्म | वेबसाइट तथा एपबाट यस बैंकको Cybersource IPG प्रणाली प्रयोग गरी ई-कमर्श भुक्तानी गर्दा रू.३०० क्यासब्याक |
| • Sastodeal | आश्विन ३ देखि आश्विन ११ सम्म | डेबिट/क्रेडिट कार्डबाट भुक्तानी गर्दा २० प्रतिशत वा रू. २,००० सम्म तत्काल छुट |
| • Foodmandu<br>• Bhojdeal | आश्विन १ देखि कार्तिक १५ सम्म | डेबिट/क्रेडिट कार्डबाट भुक्तानी गर्दा १५ प्रतिशत वा रू. ३५० सम्म क्यासब्याक |
| • CG Digital | आश्विन १० देखि | डेबिट/क्रेडिट कार्डबाट भुक्तानी गर्दा रू. ७५० |

NIC ASIA BANK LTD. REGISTERED OFFICE KATHMANDU

| | | |
|---|---|---|
| | कार्त्तिक १५ सम्म | क्यासब्याक रू.२५,००० बढीको खरिदमा |
| • BIG Digital<br>• Triveni Group | आश्विन १० देखि कार्त्तिक १५ सम्म | डेबिट/क्रेडिट कार्डबाट भुक्तानी गर्दा १५ प्रतिशत वा रू. ७५० सम्म क्यासब्याक |
| • Gyapu<br>• Thulo.com<br>• Sajhadeal<br>• UG Cakes<br>• Swad Sadan | आश्विन १ देखि कार्त्तिक १५ सम्म | डेबिट/क्रेडिट कार्डबाट भुक्तानी गर्दा १५ प्रतिशत वा रू. ५०० सम्म क्यासब्याक |
| • Evo Store<br>• Samsung Plaza<br>• Titan<br>• Cheers Enterprise<br>• Foreverygn<br>• Jeevee Health<br>• Remax Enterprises<br>• Mero Kinmel<br>• Mode Twenty Three<br>• Laskar Foods & Delivery<br>• Okhar Store<br>• Saathimart<br>• Zuvara<br>• Tatomitho | आश्विन २ देखि आश्विन १५ सम्म | यस बैंकको डेबिट तथा क्रेडिट कार्डमार्फत ई-कमर्श भुक्तानी गर्दा १५ प्रतिशत वा अधिकतम रू. १५०० सम्म क्यासब्याक |

आफ्नो कार्डमा ई-कमर्श भुक्तानी सुविधा नलिनुभएका यस बैंकका डेबिट तथा क्रेडिट कार्ड प्रयोगकर्ताहरूले बैंकको वेबसाइट तथा मोबाइल बैंकिङ्ग एपमा रहेको iServe मार्फत एवं एपमार्फत सोझै सहज रुपमा आफ्नो कार्डमा ई-कमर्श सुचारु गरी यस योजनाको अधिकतम फाइदा उठाउन सक्नुहुनेछ ।

बैंकलाई आम जनमानसले गरेको प्रगाढ विश्वास, अगाध स्नेह र बैंकप्रतिको भरोसाले गर्दा यो बैंक मुलुकभर रहेका ३५९ शाखा कार्यालयहरू, ४७३ एटिएम, १०२ वटा विस्तारित काउन्टर एवं ८१ वटा शाखा रहित बैंकिङ्गमार्फत बैंकिङ्ग सेवा प्रदान गर्ने मुलुककै सबैभन्दा ठूलो शाखा सञ्जाल भएको बैंक हुन पुगेको छ । देशको कुल जनसंख्या मध्ये २० वर्ष देखि ५० वर्ष उमेर समूहसम्मको आर्थिक रूपमा सक्रिय जनसंख्याको करिब २५% जनतालाई यस बैंकमार्फत सेवा दिन बैंक सफल भएको छ । देशको अर्थतन्त्रको सवलीकरण तथा उच्च आर्थिक वृद्धिमा टेवा पुऱ्याउन उत्तरदायी बैंकिङ्गको अभ्यास गर्दै स्थापना कालदेखि हालसम्ममा प्रत्यक्ष र अप्रत्यक्ष गरी कुल रू. १९ अर्ब ९२ करोड भन्दा बढी राजश्व नेपाल सरकारलाई भुक्तानी गरेको र गत आर्थिक वर्षमा करिब रू.३ अर्ब ४१ करोड भन्दा बढी राजश्व नेपाल सरकारलाई बुझाई समग्र वाणिज्य बैंकहरूमध्ये सबैभन्दा बढी कर दाखिला गर्ने बैंकको रुपमा स्थापित हुन बैंक सफल भएको छ । जुन समग्र देशको अन्य कम्पनीहरूको तुलनामा छैठौं ठूलो योगदान रहेको छ । वित्तीय समावेशीकरणका लागि मुगु, कालिकोट, बझाङ, रूकुम, जुम्ला, सल्यान जस्ता बैंक तथा वित्तीय संस्थाहरूको उपस्थिति न्यून रहेका दुर्गम जिल्लाहरूमा तथा कुनै पनि बैंक तथा वित्तीय संस्थाहरू नपुगेको ३४ भन्दा बढी स्थानीय निकायहरूमा शाखा विस्तार गरी सञ्चालन गर्दै आइरहेको छ । देशको कुल जनसंख्याको ८०% भन्दा बढी बसोबास गर्ने ग्रामीण तथा साना सहरी क्षेत्रमा बैंकले आफ्ना ७२% शाखा कार्यालयहरू स्थापना गरेको छ ।

NIC ASIA BANK LTD. REGISTERED OFFICE KATHMANDU

सुधिर नाथ पाण्डे
नायब प्रमुख कार्यकारी अधिकृत (प्रमुख सूचना अधिकारी)